# श्री मालपोत कार्यालय चितवन,भरतपुरबाट

# प्रकाशित भएको

## नामसारीको हकदावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना ।

यसमा निवेदकको निवेदन सनाखत, तिरो तिरेको रसिद, नाता प्रमाणित, मृत्यु दर्ताको प्रमाणपत्रहरु, नागरिक्ताको फोटोकपी ,चितवन जिल्ला अदालतबाट भएको बेपत्ता वा मृत्युको न्यायिक घोषणाको प्रमाणपत्र साथै रत्ननगर नगरपालिका वडा नं.५ को च.नं.८९२ मिति २०८२/१०/०४ को हकदार किटानी सिफारिस सहित कर्ण बहादुर कुंवरको पलाती पदम बहादुर कुंवरको नाति जित बहादुर कुंवरको छोरा राम शरण कुंवरले निजको बुबा जित बहादुर कुंवरको नाममा दर्ता कायम भई श्रेष्ता पुर्जा भएको साविक बछ्यौली वडा नं.९ को कित्ता नं.११४१ क्षेत्रफल ८३७.९१ को जग्गा निज जग्गाधनी जित बहादुर कुंवरको मिति २०८२/०२/२९ गतेका दिन मृत्यु भएको । निजको मृत्यु पछीका हक खाने नजिकको कानुनी हकदार एकमात्र श्रीमती/आमा देव कुमारी कुँवरको पनि मिति २०६७/०३/२२ गतेका दिन मृत्यु भएको ।निज दुवै जनाको मृत्यु पछीका हक खाने हकदार सन्तानहरुमा छोरीहरु तर्फ तिन छोरीहरुको जन्म भएकोमा तिनै जनाको सामाजिक परमपरा अनुसार विवाह गरी गएको । छोराहरु तर्फ दुई छोराहरु क्रमश जेठो राम शरण कुंवर र कान्छो राजन कुंवरको जन्म भएकोमा कान्छो छोरा/भाई राजन कुंवर मिति २०३९/०२/२० गतेका दिन देखी अविवाहित अवस्थामा नै बेपत्ता भएको हुँदा माथि उल्लेखित मृतक जग्गाधनी बुबा जित बहादुर कुंवरको नाममा रहेको जग्गा मेरा नाममा एकलौटी नामसारी गरी पाउँ भनी यस कार्यालयमा जेठो राम शरण कुंवरको माग निवेदन पेश भएको ।

तत् सम्बन्धमा यस कार्यालयबाट मिति २०८२/१०/०७ गतेको आदेशानुसार यो हक दावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यसमा निवेदकको माग बमोजिम नामसारी गरी दिनु नपर्ने कुनै कारण भए वा निज भन्दा अन्य कोही नजिकको हकवाला भए वा मृतक जग्गाधनीको बेपत्ता वा मृत्यु घोषणा गरिएको व्यक्ति राजन कुंवर कहि कतै भए वा निजको हकदारहरु कहि कतै भए वा जग्गाधनीको पालनपोषण, रेखदेख, औषधी उपचार र मृत्यु पछीको सामाजिक परमपरा अनुसारको सदगत वा काजकृया अरु कसैले गरेको भए वा माथि उल्लेखित जग्गाधनीको उक्त कित्ता जग्गा कहि कतै कसैलाई बिक्री बितरण गरेको भए वा उक्त जग्गा कसको हकभोगमा रहेको वा कहि कतै सरकारी सार्वजनिक जग्गा ओगटेको भए वा उक्त जग्गा निवेदकको नाममा एकलौटी नामसारी गरी दिदा कही कतै कसैको हक बेहक हुने भए वा कही कसैलाई असर गर्ने भए स-प्रमाण म्यादभित्र स्वयम व्यक्ति मालपोत कार्यालय चितवन भरतपुरको मुद्दा / प्रशासन शाखामा उपस्थित भई दाबी गर्न आउनुहोला ।अन्यथा कानून बमोजिम भै जानेछ ।पछि म्याद समाप्त भए पछि कहि कतै कसैको उजुर बाजुर लाग्ने छैन ।

तपशिल

| क्र.सं. | जग्गा धनिको नाम | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | नाता | नामसारी माग गर्नेको नाम |
|---|---|---|---|---|---|---|---|
| १ | जित बहादुर कुवर | बछ्यौली | ९ | ११४१ | ८३७.९१ | बाबु/जेठो छोरा | राम शरण कुंवर |

ईति सम्बत् २०८२ साल माघ ०८ गते रोज ५ शुभम् ।